## मिति २०७९/०८/१६ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ९९

**बैठकका एजेन्डाहरु :**

१. गत बैठकको समिक्षा गर्ने ।

२. विद्यालय सहयोग अनुदान वितरण सम्बन्धमा ।

३. योजना कार्यन्वयन सम्बन्धमा ।

४. समसामायिक विविध ।

**निर्णयहरु**

१. मिति २०७९/०७/१७ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यन्वयनको समिक्षा गर्दा गत बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यन्वयन भइ रहेको सहर्ष जानकारी गराइन्छ ।

२. पूर्व कार्यपालिका बैठकबाट गठन भएको विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान वितरण गर्ने अध्ययन समितिले पेश गरेको प्रतिवेदन बमोजिम विभिन्न विद्यालयहरुलाई विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान स्वीकृत शिर्षकबाट खर्च लेखि तत् तत् विद्यालयको खातामा जम्मा गर्ने ।

३. यस आ.व. मा स्वीकृत आयोजनाहरु मध्ये रु. १० (दश) लाख सम्मका योजनाहरुको उपभोक्ता समिति गठन गरि २०७९ पौष १५ गते सम्ममा सम्झौता गरि सक्ने । सम्झौता हुन नसकेका योजनाहरुलाई वडाको सिफारिसको आधारमा ठेक्का बन्दोवस्त गर्ने तथा १० लाख माथिका योजनाहरु अविलम्ब ठेक्का व्यवस्थापन गर्ने ।

**४. समसामायिक विविध निर्णयहरु ।**

१. यस नगरपालिकाको प्रशासनिक कार्यालय भवन, सभाहल, गेट तथा पर्खालमा रंगरोगन तथा मर्मत संभार गर्नु पर्ने भएकोले विनियोजित बजेट न्यून भए पनि आगामी नगरसभाबाट नपुग रकमको बजेट व्यवस्थापन हुने गरी ठेक्का प्रक्रिया अघि बढाउने ।

२. साविक महिला विकास कार्यालय हाल यस नगरपालिकाको जिम्मामा आएको र सो भवन संरक्षण गर्नु पर्ने तथा नगरपालिकाको प्रशासनिक भवन साघुरो भई पार्किङ्ग समेत असहज भएको हुँदा यस कार्यालयमा रहेको दमकल तथा सरसफाई शाखालाई पुरानो महिला विकास शाखा भवनबाट सञ्चालन गर्ने ।

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश
२०७३

निर्णय प्रमाणित।
२०७९।८।१६
प्रमुख प्रशासकीय अधिकृत